प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# प्रदेश कार्यालय, प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

## प्रमाण-पत्र तह नर्सिङ्ग कार्यक्रमको वर्गिकृत (निशूल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फको नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७८/०८/८ गते शैक्षिक शत्र २०७८/०७९ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित सूचना वमोजिम प्रमाण-पत्र तह नर्सिङ्ग कार्यक्रमको वर्गिकृत (निशूल्क) छात्रवृत्तिमा भर्नाको लागि अनलाईन फाराम भर्ने मिति २०७८।०८।२८ गतेसम्म तोकिएको समयभित्र Online फाराम भरेका तथा सोही समयावधिभित्र सम्बन्धित शिक्षण संस्थामा पूर्ण शुल्कीय तर्फ आवेदन पेश गरेका र शिक्षण संस्थाहरुबाट ITMS मा online entry गरी योग्यताक्रम अनुसार नतिजा तयार गरी प्राप्त भएका योग्य आवेदकहरु मध्येवाट डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा सूचनामा उल्लेख भए अनुसार बरियताक्रमको आधारमा नर्सिङ्ग कार्यक्रमको बर्गीकृत छात्रबृत्ति तथा पूर्ण शुल्कीय तर्फको नतिजा प्रकाशित गरीएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरीन्छ । वर्गिकृत (निशूल्क) छात्रवृत्तिमा छनौट भएका मुख्य उम्मेदवारहरुले तोकिएको शिक्षण संस्थामा मिति २०७८/९/२७ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाण-पत्र, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, आफु वर्गिकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाण-पत्रहरु र Online छात्रवृत्ति छनौटको आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित सिफारिश गरीएको शिक्षण संस्थामा भर्ना भई सक्नु पर्ने छ । साथै पूर्ण शुल्कीय तर्फ छनौट भएका मुख्य उम्मेदवारहरुले समेत सोही अनुसार सम्बन्धित शिक्षण संस्थामा गई मिति २०७८।९।२७ गतेभित्र भर्ना भई सक्नु पर्नेछ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम प्रशिक्षार्थीहरुको सक्कल शैक्षिक प्रमाण-पत्रहरु तथा लक्षित वर्गका प्रमाण-पत्रहरु रुजु गरी भर्ना गर्नु गराउनु हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा,भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं, वर्गिकृत छात्रवृत्तिको समुह (कोटा) समेत उल्लेख गरी ३ (तिन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना ctevt.province2@gmail.com र सो को वोद्यार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ । नतिजा हेर्नको लागि परिषद् प्रदेश कार्यालयको website: ctevtp2.org.np तथा परिषद् कार्यालयको website: ctevtexam.org.np मा हेर्नु हुन समेत सबैमा जानकारी गराईन्छ । साथै शिक्षण संस्थाहरुले तयार गरी पठाएको नतिजामा SEE/SLC/TSLC को प्राप्ताङ्कमा कुनै किसिमको त्रुटी भए सो को जवाफ देही सम्बन्धित शिक्षण संस्था नै हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

निर्देशक

प्रदेश कार्यालय, प्रदेश नं. २

जनपकपुरधाम, धनुषा